मिति २०७९/७/२४ गते विहिबार बसेको खिजीदेम्वा गाउँ कार्यपालिकाको सातौं बैठकको निर्णयहरु।

**निर्णय नं. १.**

प्रदेश नं. १ को प्रदेश सरकार मा. वन वातावरण तथा भू-संरक्षण मन्त्रालय मन्त्री श्री शेखर चन्द्र थापाको मिति २०७९/७/२३ मा भएको असामयिक निधन भएकोमा सो उपर मृत आत्माको चीर शान्तीको कामना गर्दै शोक प्रस्ताव पारित ।

**निर्णय नं. २**

अघिल्लो वैठकको समीक्षा ।

**निर्णय नं ३**

**तपसिल बकोजिमको कार्यविधि संशोधन तथा पारितः**

१.खिजीदेम्वा ब्याकहो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ संशोधन २०७९,

२.खिजीदेम्वा गाउँपालिकाको आमाघर पुनःस्थापना केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९,

३.खिजीदेम्वा गाउँपालिकाको सरकारी कामकाजमा मातृभाषा प्रयोग सम्बन्धि नीती (कार्ययोजना सहित) २०७९,

४.सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरका लागि शैक्षिक कार्यविधि, २०७५ संशोधान २०७९,

५.विद्यालय शिक्षा संचालन, व्यवस्थापन तथा नियमन कार्यविधि,२०७६ संशोधन २०७९ ।

**निर्णय नं. ४ खर्च व्यवस्थापन**

खिजीदेम्वा गाउँपालिकालाई प्राप्त हुन आएको ह्युम पाईप एलुङ्ग खोला, साल्पु खोला र फेदी खोलामा विछ्याउन आवश्यक अनुमानित १५०००००(पन्ध्र लाख) र देम्वाडाँडामा गल्फ कोर्ष निर्माण सम्भाव्यता तथा खेल सम्भावना पहिचानको प्रचार प्रसारको लागि रु. ३०००००।— (तीन लाख) बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्न आगामी हिउँदे सभामा प्रस्ताव गर्ने ।

**निर्णय न ५**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन सम्बन्धी निर्देशिका २०७७ को परिच्छेद ८ को दफा ५२ बमोजिमको समितिमा तपसिल बमोजिम सदस्य नियुक्तः

१.कार्यक्रम लागु भएको वडाबाट महिला सदस्य श्री आङ ल्हमु शेर्पा,

२.लघु उद्यमीबाट श्री आङ फुर्जु शेर्पा,

३.वित्ती संस्था तथा उद्योग व्यवसायीबाट श्री टेकराम सुनुवार ।

**निर्णय नं. ६**

आ.व. २०७८/०७९ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट औंल्याईएको वेरुजु कानून बमोजिम समयमै सम्परीक्षण गर्न सम्बन्धित जिम्मेवार पक्षलाई निर्देशन दिने ।

**निर्णय नं. ७**

आ.व. ०७९/८० मा संघीय विशेष अनुदान मार्फत प्राप्त योजनाको कार्यान्वयन गर्न सार्वजनकि खरिद ऐन तथा नियमावली बमोजिम गर्ने ।

**निर्णय नं. ८**

चालु आ.व. ०७९/८० मा संघीय सशर्त अनुदान मार्फत प्राप्त दलहन बाली प्रवर्द्धन कार्यक्रम संचालन गर्ने ।

डम्बरबहादुर रजनमगर
प्रमुख प्रशासकीय अधिकृत